# बर्जु गाउँपालिका

# आ.व. २०७६।०७७ को पहिलो कार्यपालिका बैठक

मिति : २०७६।०५।१३

स्थान : बर्जु गाउँपालिकाको कार्यालय

समय : विहान ११.३० बजे

आज मिति २०७६ साल भाद्र १३ गते शुक्रबारका दिन यस वर्जु गाउँपालिकाको अध्यक्ष श्री रधुन्नदन चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी प्रस्तुत प्रस्तावहरुमा छलफल भई निम्न निर्णय गरियो ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा अपांगता भएको व्यक्तीको परिचय वितरण कार्यविधि २०७६ सर्वसहमती बाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गर्दा आ.व. ०७६।७७ मा संचालन हुने १ लाख भन्दा माथिका सम्पुर्ण योजनाहरु कार्यपालिका बाट निर्णय गराई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा चालु आ.व. २०७६।७७ देखि समाजिक सुरक्षा भत्ता लाई बैंक मार्फत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा गाउँपालिका तथा वडा कार्यालय बाट संकलन हुने राजश्व प्रचलित कानुन बमोजिम बैंक दाखिला गर्ने ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस गाउँपालिका को शिक्षा शाखा को जिम्वेजारी अर्को व्यवस्था नहुनजेल सम्मका लागि स्वास्थ्य संयोजक श्री दिनेश कुमार चौधरी लाई निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ मा छलफल गर्दा आ.व. २०७६।०७७ को जिल्ला दररेट पेश गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ मा छलफल गर्दा आ.व. २०७५।०७६ को दुई दिने बार्षिक समिक्षा मिति २०७६।०५।२७ र २८ गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ मा छलफल गर्दा आ.व. २०७६।०७७ को वार्षिक कार्यक्रम सार्वजनिकीकरण तथा संविधान दिवस असोज ३ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ मा छलफल गर्दा करार सेवा सम्बन्धमा निम्न वमोजिम निर्णय गरियो ।

क. करार सेवामा कार्यरत यस बर्जु गाउँपालिका बाट तलब भत्ता बुझ्ने कर्मचारीहरुको आ.व. ०७६।०७७ मा ६ महिनाको लागि म्याद थप गर्ने ।

ख. म्याद थप भएको सामाजिक परिचालक, का.स. पाले, आदिको तलब श्रम ऐन अनुसार रु १३४०० कायम गर्ने ।

ग. करार सेवामा रहेका सव ईन्जिनियरहरुको तलब सहायक स्तर पाचौं (ना.सु.) सरह उपलब्ध गराउने ।

घ. स्वीपरको मासिक तलबमा रु १००० (एक हजार) बृद्धि गर्ने ।

ङ. विद्यालयका लागि आवश्यक थप शिक्षक कार्यालयका लगि ड्राईभर, आदि करार सेवामा नियुक्तीका लागि विज्ञापन आव्हान गर्ने ।

# बर्जु गाउँपालिका

# आ.व. २०७६।०७७ को पहिलो कार्यपालिका बैठक

मिति : २०७६।०५।१३

स्थान : बर्जु गाउँपालिकाको कार्यालय

समय : विहान ११.३० बजे

<u>प्रस्तावहरु :</u>

१. अपाँगता भएका व्यक्तीहरुको परिचय पत्र वितरण सम्बन्धि कार्यविधि २०७६ स्वीकृत गर्ने ।

२. आ.व. २०७६।०७७ को योजना भुत्तानी सम्बन्धमा ।

३. सामाजिक सुरक्षा भत्ता वैंक मार्फत भुत्तानी दिने सम्बन्धमा ।

५.राजश्व दाखिला सम्बन्धमा ।

६. शिक्षा शाखाको जिम्वेवारी तोक्ने सम्वन्धमा ।

७. आ.व. २०७६।०७७ को लागि दररेट स्वीकृत गनेए सम्बन्धमा ।

८. आ.व. २०७६।०७७ को वार्षिक समिक्षा सम्बन्धमा ।

९. आ.व. २०७६।०७७ को वार्षिक कार्यक्रम सार्वजनिकीकरण गर्ने सम्बन्धमा ।

१०. करार सेवा सम्बन्धमा ।

११. विविध ।